*दर्ता नं. ८०५*
*दर्ता मिति २०६४ फागुन ३० गते ।*

श्री सर्वोच्च अदालतमा चढाएको
**निवेदनपत्र**

विषयः **संविधानको धारा ३२ तथा १०७(२) बमोजिम उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ ।**

ओखलढुङ्गा जिल्ला, नर्मदेश्वर गाविस वडा नं. १ स्थायी घर भई हाल का.जि.का.म.न.पा वडा नं. ९ बस्ने पब्लिक इन्ट्रेष्ट ल फर्ममा कार्यरत अरुण सरोकार समूहको सदस्यसमेत रहेको वर्ष ३० को अधिवक्ता रविन सुवेदी (फोन ९८५१०७७२६१)..............................१

तेह्रथुम जिल्ला ह्वाकु गाविस वडा नं. ४ स्थायी घर भई हाल ऐं ऐं बस्ने राष्ट्रिय सरोकार समाजको सदस्य वर्ष ४० को अधिवक्ता निर्मला सिटौला (फोन ४४१९६१०)...............................................................................१

बझाङ जिल्ला, रायल गाविस वडा नं. २, चौडाम स्थायी घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३२ बस्ने जल तथा ऊर्जा उपभोक्ता महासङ्घ-नेपालको अभियान संयोजक वर्ष २९ को रतन भण्डारी (फोन ४४२९७४१) .................................................................१

तेह्रथुम जिल्ला, संक्रान्तीबजार गाविस वडा नं. ८ स्थायी घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३१ बस्ने वर्ष २८ को अरुण सरोकार समूहको सदस्य अनुज सिटौला (फोन ९८४१८२९५९६)..........................................................................१

सिन्धुपाल्चोक जिल्ला, पाल्चोक गाविस वडा नं. ३ स्थायी घर भई हाल का.जि.का.म.न.पा. वडा नं ३२ बस्ने वर्ष ४१ को रामबहादुर खड्का (फोन ९८४१७१४९३७)......................१

गुल्मी जिल्ला, घमिर गाविस वडा नं. ८ स्थायी घर भई हाल कीर्तिपुर न.पा. वडा नं. ९ बस्ने राष्ट्रिय सरोकार समाजको सदस्य वर्ष ३० को खिमाराम लम्साल (फोन ९८४१४३३६७८)..........................................................................१

धनकुटा जिल्ला, अर्खौले जितपुर गाविस वडा नं ७ स्थायी घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३२ बस्ने अरुण सरोकार समूहको सदस्य वर्ष २५ को चन्द्रशेर राना (फोन ९८४१७४४३९६)..........................................................................१

} निवेदक

<u>विरुद्ध</u>

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं......... .....१
नेपाल सरकार, जलस्रोत मन्त्रालय, सिंहदरवार, काठमाडौं.................................... .....१
नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं.......... .....१
नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं....................................... .....१
व्यवस्थापिका-संसद, सिंहदरवार, काठमाडौं.................................................... .....१
व्यवस्थापिका-संसद्, प्राकृतिक स्रोत र साधन समिति, सिंहदरवार, काठमाडौं............. .....१
विद्युत विकास विभाग, बिजुलीबजार, काठमाडौं............................................. .....१
नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौ.................................................... .....१

} विपक्षी

डीपूटी जेनरल म्यानेजर सञ्जय उप्पल, सत्लज जलविद्युत निगम, मार्फत नेपाल सरकार, जलस्रोत मन्त्रालय, सिंहदरवार, काठमाडौं.................................................... .......१

हामी निवेदकहरू सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०(१) बमोजिम लाग्ने दस्तुर यसैसाथ संलग्न राखी निम्नबमोजिम निवेदन गर्दछौंः ।

१. हामी निवेदकहरू अरुण सरोकार समूह, राष्ट्रिय सरोकार समाज र जल तथा ऊर्जा उपभोक्ता महासङ्घ-नेपाललगायत अन्य विभिन्न सङ्घसंस्था तथा अभियानहरूमा व्यक्तिगत एवम् संस्थागतरूपले लामो समयदेखि सक्रिय नेपाली नागरिकहरू हौँ । नेपालको जलस्रोत र जलविद्युत विकासका क्षेत्रमा नेपालको संविधान, कानुन र नेपालले अनुमोदन गरेका मानवअधिकार, वातावरण तथा विकाससम्बन्धी विभिन्न सन्धिसम्झौताद्वारा सिर्जित अन्तर्राष्ट्रिय दायित्वहरूको पालना गर्नेगराउने विषयमा चासो राख्नुका साथै आवश्यकताअनुसार विभिन्न अभियानहरू सञ्चालन गर्ने कार्यमा हामी विभिन्न क्षेत्र र तहमा सक्रिय रहँदैआएका छौँ । हामीले जलस्रोत तथा यसको बहुपक्षीय उपयोगसँग सम्बन्धित जनसरोकार र जनअधिकारका विषयहरूलाई छलफल, अन्तर्क्रिया, परामर्श, अभियान तथा आन्दोलनका माध्यमबाट जनसमक्ष पुर्‍याउनका लागि सक्रिय भूमिका निर्वाह गर्दैआएका छौँ । पानी प्राकृतिक स्रोतमध्येको एक निर्विकल्प स्रोत भएकाले छिमेकी देशबीच नदी र पानीको बाँडफाँडलगायत तिनको दीर्घकालीन उपयोग एवम् तीसँग सम्बन्धित विभिन्न सन्धिसम्झौता गर्दा आफ्नो देश र जनताको सर्वोत्तम हित हुने गरी आवाज उठाउनु हाम्रो परम् कर्तव्य पनि हो । बिगतमा छिमेकी मुलुक भारतसँग कोशी, गण्डक तथा महाकाली सन्धि सम्पन्न गर्दा नेपालले बेहोर्नुपरेका विभिन्न किसिमका अपूरणीय क्षतिहरूले गर्दासमेत जलस्रोतसम्बन्धी कुनै पनि नीति-निर्णयका सवालमा नागरिक समाज अति चनाखो हुनुपर्ने कुरालाई हामीले राम्ररी हृदयङ्गम गर्दैआएका छौँ ।

२. आज आधारभूत मानवअधिकारको रूपमा रहेको जलस्रोतको बहुपक्षीय उपयोग, जलस्रोतबाट हुनसक्ने विकास र यससँग जोडिएका विविध आवश्यकताहरूलाई सरकारले नजरअन्दाज गरी ठूला-ठूला ऐतिहासिक भूलहरू गर्दै देश र जनताको अहित हुने गरी विदेशी सरकार तथा बहुराष्ट्रिय कम्पनीहरूसँग विभिन्न सन्धिसम्झौता वा करारनामाहरू गर्दैआएको दुःखद इतिहास हाम्रो सामु विद्यमान छ । यसले गर्दा यस्ता कतिपय सन्धिसम्झौता वा करारहरूका कारण जलस्रोतसँग सम्बन्धित नेपाली जनताका आधारभूत अधिकारहरू सदाका लागि गुमेका तिता अनुभवहरू पनि हामीसँग छन् । जलस्रोतको बाँडफाँड र त्यसको उपयोगसम्बन्धी विभिन्न विवादहरूमा यस सम्मानित अदालतबाट पनि विभिन्न फैसलाहरूमार्फत महत्वपूर्ण नजिर सिद्धान्तहरू प्रतिपादन भइसकेका छन् । यस सन्दर्भमा अब उप्रान्त यस्ता गल्तीकमजोरीहरू कुनै पनि अवस्थामा दोहोरिन दिनु हुन्न भन्ने हामी निवेदकहरूको साझा चिन्ता र सरोकारको विषय हो । त्यसैले हामीले यस विषयलाई पनि सर्वाजनिक सरोकारको विषयका रूपमा ग्रहण गर्दै सम्मानीत अदालतसमक्ष यो रिट निवेदनसहित उपस्थित भएका छौँ ।

३. यस रिट निवेदनको पृष्ठभूमिमा हामी निवेदकहरू के कति कारणले सम्मानित अदालतसमक्ष न्यायको ढाको घच्घच्याउन निरन्तररूपमा सक्रिय हुन बाध्य छौँ भन्ने बारेमा केही कुराहरू उल्लेख गर्न चाहन्छौँ । नेपालको विकासको नाममा तर्जुमा गरिने जलविद्युतलगायतका विभिन्न संरचनागत आयोजनाहरू, विदेशी सहयोग र लगानीको सवाल, विभिन्न विदेशी सरकार वा वित्तीय संस्था वा स्वदेशी वा बहुराष्ट्रिय निजी कम्पनीहरूसँग सम्पन्न हुने प्राकृतिक स्रोत वा तिनको उपयोगको बाँडफाँडसम्बन्धी कुनै पनि करार, सहमति, समझदारी वा सम्झौताका बारेमा सार्वजनिक चासो र महत्वका दृष्टिले प्रश्न उठाउँदा कतै खराब नियतले नेपालको विकासमा बाधा खडा गर्ने प्रयत्न भइरहेको हो कि भन्ने किसिमका आशंका र आरोपहरू पनि विपक्षीहरूबाट लाग्ने गरेका छन् । यसै सम्मानित अदालतमा यस्तै विषयहरूमा परेका अन्य रिट निवेदनहरूको लिखितजवाफ दिने क्रममा पनि कैयौँपटक यस्ता अभिव्यक्तिहरू प्रकट भएका छन् । तर यथार्थता कदापि त्यस्तो होइन । हाम्रो नियत सदा स्वच्छ र स्पष्ट छ । हाम्रा मन, वचन र कर्महरू वास्तविक अर्थमा नै राष्ट्रिय हित, राष्ट्रिय विकास र राष्ट्रिय स्वार्थका असिम भावनाले प्रेरित छन् । यी कुराहरू हामीले दायर गरेका वा गर्ने रिट निवेदनमा समाविष्ट तथ्य, विश्लेषण, मागदाबी र सम्मानित अदालतबाट न्यायको पक्षमा भएका ऐतिहासिक निर्णयहरूबाटै पनि पटक पटक पुनर्पुष्टि भएका छन् । आयोजना र त्यसको उद्देश्य, करार वा सन्धिसम्झौताका पक्षकार, लगानी र सहयोगको मात्रा वा प्रकृति जे जस्तो र जतिसुकै भए तापनि हामीले उठाउने सार्वजनिक चासो र महत्वका सवालहरू विशुद्धरूपमा प्रचलित नेपालको संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत सृजित राजकीय

दायित्व र तिनका विभिन्न मान्यता वा मापदण्डमा आधारित छन् । हामीले उठाएका प्रश्नहरू प्राविधिक वा आर्थिक नभएर निसन्देहरूपमा नै संवैधानिक, कानुनी र मानवअधिकारमुखी छन् । हामीले कहिल्यै पनि कुनै खास आयोजनाका बारेमा मात्र प्रश्न उठाएका नभई साना हुन् वा ठूला, स्वदेशी हुन् वा विदेशी, सरकारी हुन् वा निजी सबै किसिमका आयोजना र लगानीका सवालमा भइरहेका संविधान, कानुन र मानवअधिकारहरूका गम्भीर उल्लङ्घनका बारेमा मात्र प्रश्न उठाएका छौं । आजसम्म प्राविधिक वा आर्थिक दृष्टिले कुनै आयोजना वा लगानी वा ऋणसहायता बन्द हुनुपर्छ भनेर कतै माग गरेका छैनौं । हामीले जहिले पनि ती आयोजनासँग सम्बन्धित सार्वजनिक महत्व र चासोका सूचनाहरूको उपलब्धता र तिनको कार्यान्वयन एवम् लाभको बाँडफाँडसँग सम्बन्धित करार, सहमति, समझदारी वा सन्धिसम्झौताहरूको संवैधानिकता र वैधतामात्र जाँच्ने प्रयास गर्दै सुधार, संशोधन र परिवर्तनको माग गरेका छौं । संविधान, कानुन, मानवअधिकार र राष्ट्रिय हितविपरित आयोजना वा करार वा कुनै सन्धिसम्झौताका हकमा मात्र तिनको पुनरावलोकन वा खारेजीको माग गरेका छौं । यसरी सरोकारवाला नेपाली नागरिकहरूका तर्फबाट दर्ता भएका रिट निवेदनहरूमा उठाएका प्रश्न र मागदाबीहरू हचुवा छन् वा न्यायिक निर्णयका लागि तिनमा संवैधानिक, कानुनी र मानवअधिकारसम्बन्धी प्रश्नहरू पनि स्पष्टरूपमा समावेश छन् भन्ने विषयमा कुनै पूर्वाग्रहबिना आवश्यक न्यायिक अध्ययन, अनुसन्धान, चिन्तन र निर्णय गर्ने क्षमता सम्मानित अदालतसमक्ष सदा रहिआएको तथ्यमा कुनै विवाद छैन । तसर्थ यस रिट निवेदनलाई पनि यसै परिप्रेक्ष्यमा न्यायिक पुर्पक्ष गरी इन्साफ दिलाई पाऊँ ।

४. नेपाल सरकारका पछिल्ला गतिविधिहरूलाई हेर्दा हालैमात्र पश्चिम सेती जलविद्युत आयोजनाको निर्माण गरी त्यसबाट उत्पादित विद्युत भारतमा निर्यात गर्नका लागि अष्ट्रेलियाको एक बदनाम बहुराष्ट्रिय कम्पनी स्मेकलाई ठेक्का दिने सहमति गरी सम्झौतासमेत गरिसकेको छ । त्यसको लगतै माथिल्लो कर्णाली आयोजना पनि जीएमआरनामक भारतीय कम्पनीलाई सुम्पने निर्णय भइसकेको छ । हामी निवेदनहरूको मुख्य मागदाबीका विषय रहेको अरुण-३ जलविद्युत आयोजनासमेत गरी तीनवटै आयोजनाहरू आज संवैधानिक एवम् कानुनी परीक्षणको घेराभित्र छन् । यी तिनवटै आयोजनाहरू नेपालको प्राकृतिक स्रोतको बाँडफाँड र उपयोगसँग प्रत्यक्षरूपले सम्बन्धित भएकाले ती सबैलाई अनुमोदनका लागि व्यवस्थापिका-संसद्मा पेश गर्नुपर्ने बाध्यात्मक स्थिति छ । सूचनाको हक तथा संसदीय अनुमोदनको अपरिहार्यतासम्बन्धी संवैधानिक विभिन्न प्रश्नहरूलाई आधार बनाउँदै पश्चिम सेती र माथिल्लो कर्णालीसम्बन्धी करारसम्झौताहरूको अनुमोदन, पुनरावलोकन वा खारेजीका लागि उपयुक्त आदेशको माग गर्दै सम्मानित अदालतसमक्ष छुट्टाछुट्टै रिट निवेदहरूसमेत दर्ता भइसकेका छन् । यीमध्ये पश्चिम सेती आयोजनाको अनुमोदनसम्बन्धी रिट निवेदनमा हामीमध्येकै कतिपय रिट निवेदकहरूसमेत संलग्न छौं । उल्लिखित पश्चिम सेती आयोजनासम्बन्धी रिटमा पुर्पक्षको कार्य समाप्त भई निर्णय सुनाउने प्रक्रियामा रहेको छ भने माथिल्लो कर्णाली आयोजनासम्बन्धी विषय पुर्पक्षकै अवस्थामा रहेको छ ।

५. निवेदकहरूको पहिलो माग प्रचलित सूचनाको हकसँग सम्बन्धित छ । यस रिट निवेदनसँग सम्बन्धित पूर्वाञ्चल क्षेत्रको संखुवासभा जिल्लाको नुम गाविसमा अवस्थित अरुण-३ जलविद्युत आयोजनाका सम्बन्धमा उक्त आयोजना भारतीय सरकारी ऊर्जा कम्पनी सत्लज जलविद्युत निगम लिमिटेडलाई निर्माणका लागि हस्तान्तरण गर्ने निर्णय भइसकेको भन्ने जानकारी विभिन्न सञ्चारमाध्यममार्फत थाहा हुन आएपछि हामी निवेदकमध्येकै रतन भण्डारीका तर्फबाट मिति २०६४ मंसिर १८ गतेका दिन तथा निवेदकद्वय रामचन्द्र चटौत तथा अधिवक्ता रविन सुवेदीका तर्फबाट मिति २०६४ फागुन १० गतेका दिन प्रचलित कानुन र कार्यविधिका आधारमा सूचनाको हकअन्तर्गत अरुण-३ आयोजनासम्बन्धी सूचनाहरू माग गर्ने कार्य भएको थियो । तर उक्त मागका सम्बन्धमा आजका मितिसम्म पनि विपक्षी जलस्रोत मन्त्रालयका तर्फबाट आधिकारिकरूपमा सूचना प्रवाह गर्ने वा उक्त सूचनाहरू सार्वजनिकरूपमा उपलब्ध प्रकृतिका हुन् वा होइनन् भन्ने विषयमा कुनै जवाफ प्राप्त भएको छैन । यसैबीच गत २०६४ फागुन १९ गतेका दिन विपक्षीमध्येका जलस्रोत मन्त्रालयका तर्फबाट सहसचिव श्री अनुपकुमार उपाध्याय र आयोजना सर्भे तथा निर्माण गर्ने भनिएको भारतीय सरकारी ऊर्जा कम्पनी सत्लज जलविद्युत निगम लिमिटेडका तर्फबाट डीपूटी जेनरल म्यानेजर सञ्जय उप्पलबीच आयोजना निर्माण गर्ने भन्ने सम्बन्धमा विभिन्न शर्तबन्देजसहित अन्तिम करारसम्झौता भइसकेको बेहोरासमेत जानकारी हुन आएको छ । तर त्यसपछि पनि उक्त आयोजनाका सम्बन्धमा सूचना उपलब्ध गराउनेसम्बन्धमा विपक्षी जलस्रोत मन्त्रालयमै उपस्थित भई मौखिकरूपमा समेत पटकपटक अनुरोध गर्दा पनि कुनै जवाफ प्राप्त हुन सकेको छैन । यसबाट विपक्षीहरूमा अन्तरिम संविधान, २०६३ को धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन,

२०६४ को दफा ३ अन्तर्गत हामी निवेदकहरूलगायतका कुनै पनि नेपालीहरूलाई प्रत्याभूत सार्वजनिक महत्वका सूचनाहरू माग्ने र पाउने आधारभूत मौलिक हकको सम्मान र संरक्षण गर्ने सम्बन्धमा अझै पनि कुनै जिम्मेवारी बोध हुन नसकेको तथ्य निर्विवादरूपमा स्थापित हुन आएको छ । विपक्षीहरूको यस्तो कार्य गैरसंवैधानिक र गैरकानुनी हुनुका साथै बदनियतपूर्णसमेत छ ।

६. यसै आयोजनाका सम्बन्धमा बिगतमा पनि सम्बन्धित निकायले सूचना दिन इन्कार गरेपछि अधिवक्ता गोपाल सिवाकोटी 'चिन्तन' तथा मानवअधिकारकर्मी इतिहासविद् डा. राजेश गौतमका तर्फबाट यसै सम्मानित अदालतसमक्ष सूचनाको हकका लागि रिट निवेदन दर्ता भएको थियो । उक्त मुद्दामा पुर्पक्ष हुँदा अरुण-३ आयोजनासँग सम्बन्धित सवालहरू हरेक नेपाली नागरिकहरूको सार्वजनिक चासोको विषयभित्र पर्ने हुनाले उक्त आयोजनासँग सम्बन्धित सम्पूर्ण सूचनाहरू निवेदकहरूलाई उपलब्ध गर्नुगराउनु भन्ने ऐतिहासिक फैसला भएको थियो (नि.नं. ४८९५, ने.का.प., २०५१, अंक ४, पृष्ठ २५५) । उक्त फैसलाले नै नेपाल पहिलोपटक तत्कालीन संविधानको धारा १६ अन्तर्गत प्रत्याभूत सूचनाको हकलाई संसद्निर्मिति कानुनको अभावमा पनि सूचना उपलब्ध गराउनु सरकारको दायित्व भएको व्याख्या गर्दै सूचनाको हकका सम्बन्धमा छुट्टै कानुन निर्माण नभएसम्मका लागि सूचना माग्ने र पाउने कार्यविधिसमेत निर्धारण गरिएको थियो । उक्त नजीर यस रिट निवेदनका सम्बन्धमा आज पनि त्यत्तिकै सान्दर्भिक छ । हाल आएर अन्तरिम संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ मा व्यवस्थित कानुनी प्रावधानका आधारमा अरुण-३ आयोजना सार्वजनिक महत्व र चासोको विषय भएको तथ्य निर्विवाद भएको हुनाले उक्त आयोजनाका सम्बन्धमा हालै भएका करारसम्झौतालगायत बिगतदेखि वर्तमानसम्म विद्यमान सम्पूर्ण सूचना र कागजपत्रहरू माग्ने र पाउने मौलिक हक हामी निवेदकहरूमा सुरक्षित रहेको अवस्था छ ।

७. हामी निवेदकहरूको दोस्रो माग अरुण-३ आयोजनासँग सम्बन्धित सम्झौता वा करारहरूको अनुमोदन व्यवस्थापिका-संसद्बाट अनिवार्यरूपमा हुनुपर्ने विषयसँग सम्बन्धित छ । विभिन्न सञ्चारमाध्यममार्फत प्राप्त जानकारीका आधारमा हेर्दा ४०२ मेगावाट क्षमता रहेको उक्त आयोजना ३० वर्षको अवधिका लागि निर्माण, स्वामित्व ग्रहण, सञ्चालन र हस्तान्तरण (Build, Own, Operate and Transfer--BOOT) सम्बन्धित कथित सिद्धान्त र प्रक्रियाका आधारमा उक्त भारतीय सरकारी ऊर्जा कम्पनी सत्लज जलविद्युत निगम लिमिटेडलाई हस्तान्तरण गरिएको छ । यस आयोजनाबाट नेपाल र नेपालीहरूलाई प्राप्त हुनुपर्ने प्रतिफलका सम्बन्धमा जम्मा २१.९ प्रतिशत (करिब ८८ मेगावाट) मात्र बिजुली निःशुल्क उपलब्ध गराउने भन्ने कुरा पनि जानकारी हुन आएको छ । त्यसपछि बाँकी रहेको करिब ३१४ मेगावाट बिजुली नेपालबाट भारततर्फ निकासी गर्ने कुरा पनि सार्वजनिक हुन आएको छ । सञ्चारमाध्यममार्फत अवगत हुन आएका यी जानकारीहरूलाई सत्य मानेर हेर्दा अरुण-३ आयोजना वर्तमान संविधानको धारा १५६ (२) मा भएको सन्धिसम्झौताहरूको अनुमोदनसम्बन्धी प्रावधानअन्तर्गत पर्ने निश्चित छ । अरुण नदी नेपालको एक अमूल्य प्राकृतिक स्रोत रहेको तथा यसबाट उत्पादित बिजुली भारतीय सरकारी कम्पनीमार्फत नै भारततर्फ निर्यात हुने भएपछि यसमा उक्त प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँडसम्बन्धी प्रश्न समावेश भएको तथ्यसमेत निर्विवाद छ । जलउत्पादित विद्युतशक्ति आफैँमा एक प्राकृतिक स्रोत रहेको कुरामा पनि कुनै विवाद छैन । साथै हाल ३० वर्षका लागि भनिएको उक्त आयोजनाको अवधि नेपाल सरकार र कम्पनीबीच हुने सहमतिका आधारमा भविष्यमा कुनै पनि बखत जतिसुकै अवधिका लागि पनि नवीकरण गर्न सकिने कुरा पनि यहाँ स्मरणीय छ । तसर्थ यस्तो व्यापक, गम्भीर र दीर्घकालीन महत्वको अरुण-३ आयोजनाका सम्बन्धमा उक्त सत्लज कम्पनीसँग भएका करारसम्झौताहरू व्यवस्थापिका-संसद्को दुईतिहाई बहुमतबाट पारित भएको खण्डमा मात्र अरुण-३ आयोजना संवैधानिक एवम् कानुनीरूपमा मान्य र कार्यान्वयनका लागि वैध हुन्छ । तर विपक्षीहरूबाट बिगतमा विवादास्पद रहेको टनकपुर समझदारीमा जस्तै अरुण-३ सँग सम्बन्धित करारसम्झौताहरूलाई बदनियतपूर्वक अनुमोदनको प्रक्रियाबाट अलग राख्ने प्रयास भइरहेको छ । विपक्षीहरूको यस्तो बदनियतपूर्ण कार्य प्रारम्भदेखि नै बदरभागी छ । यसरी संसदीय अनुमोदनको प्रक्रिया पुरा नगरेसम्म अरुण-३ सँग सम्बन्धित उक्त सत्लज कम्पनीसँग भएका करारसम्झौता वा कागजपत्रहरू स्वतः अमान्य, बदरभागी र निष्क्रिय हुने निश्चित छ ।

८. प्राकृतिक स्रोत र साधनमाथि दीर्घकालीन असर पर्ने विषयसँग सम्बन्धित सन्धिसम्झौता वा समझदारी वा यस निवेदनका हकमा विदेशी कम्पनीसँग भएका कुनै पनि व्यापारिक वा व्यावसायिक सम्झौता वा

करारनामाहरूलाई वर्तमान अन्तरिम संविधानको धारा १५६ मा व्यवस्था भएअनुसार व्यवस्थापिका-संसद्को दुईतिहाई बहुमतले अनुमोदन गर्नुपर्ने भन्ने स्पष्ट प्रावधान छ । यसअनुसार नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने कुनै पनि सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ भन्ने व्यवस्था उपधारा (१) मा गरिएको छ । साथै उपधारा (१)(घ) मा प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँड भन्ने विषयमा उल्लेख छ भने यसैको अपवादको रूपमा रहेको अर्को व्यवस्थाले खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौतामध्ये राष्ट्रिय हितमा व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनमात्र व्यवस्थापिका-संसद्को बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ भन्ने व्यवस्था गरिएको छ । यस धाराअन्तर्गत प्रयोग गरिएका *दीर्घकालीन, बाँडफाँड* र *सन्धिसम्झौता* भन्ने शब्दहरूले अरुण-३ सँग सम्बन्धित विवादास्पद सम्झौता यसै धाराअन्तर्गत पर्ने अप्रत्यक्षरूपमा पानी र प्रत्यक्षरूपमा त्यसबाट उत्पादित स्रोत बिजुलीको बाँडफाँड हो भन्ने कुरा निसन्देह छ । तसर्थ यसरी स्वेच्छाचारी ढङ्गले प्रचलित संविधान, कानुन, मानवअधिकार र जनअधिकारविपरीत हुनेगरी सत्लज कम्पनीसँग गरिएको आयोजनाको निर्माणसँग सम्बन्धित कुनै पनि प्रकृतिको करारसम्झौता नेपाल र नेपालीहरूका लागि घातक हुनुका साथै असंवैधानिक र गैरकानुनीसमेत भएकोले बदरभागी छ ।

९. प्रस्तुत रिट निवेदनमा निवेदकहरूको तेस्रो माग प्रचलित वातावरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, रणनीति, कानुन, कार्यविधि र कार्ययोजनाहरूको परिपालनासँग सम्बन्धित छ । वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ अनुसार अरुण-३ आयोजनाको कार्यान्वयन गर्नुभन्दा पहिले यसबाट भविष्यमा उत्पन्न हुने विभिन्न किसिमका वातावरणीय प्रभावहरूको विस्तृत अध्ययन (Environment Impact Assessment-EIA) गर्नुपर्ने हुन्छ । साथै आयोजना निर्माणका कारण उत्पन्न हुने कुनै पनि नकारात्मक प्रभावहरूको अधिकतम् न्यूनीकरणका लागि बृहत् वातावरणीय न्यूनीकरण कार्यक्रम तर्जुमा गरी प्रारम्भदेखि नै प्रभावकारीरूपमा लागु गर्नुपर्ने हुन्छ । यसरी वातावरणीय प्रभावको अध्ययन गर्दा आयोजनाबाट प्रभावित क्षेत्रमा विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक एवम् पर्यावरणीय सन्तुलन र परिवर्तन प्रक्रियामा के कस्तो असर पर्दछ भन्नेलगायतका विषयहरूमा बृहत् अध्ययन गर्नुपर्ने हुन्छ । वातावरणीय प्रभाव अध्ययन प्रक्रियाको प्रारम्भदेखि अन्त्यसम्म प्रभावित क्षेत्रका जनता एवम् आदिवासी र जनजातिहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुपर्ने अनिवार्यता रहन्छ । यसका लागि विपक्षीलगायत आयोजना कार्यान्वयन गर्ने सत्लज कम्पनीले वातावरण संरक्षण ऐनको दफा ३, ४, ५, ६ तथा वातावरण संरक्षण नियमावलीको नियम ३, ४, ५, ६ र ७ लगायतका नियमअनुसार विभिन्न स्थान र समयमा सार्वजनिक सुनुवाइ एवम् परामर्श कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यस्ता सुनुवाइ वा परामर्श कार्यक्रमहरू सञ्चालन गर्नुभन्दा पहिले उपयुक्त र पर्याप्त समयावधिभित्रै अग्रिमअग्रीमरूपरूपमा प्रभावित क्षेत्रका जनसमुदायहरूलाई उनीहरूले बुझ्नसक्ने भाषा र शैलीमा आयोजनासम्बन्धी आधारभूत सूचनाहरू विस्तृतरूपमा उपलब्ध गराउनु पर्ने हुन्छ । अन्यथा त्यस्ता सार्वजनिक सुनुवाइ वा परामर्श कार्यक्रमहरूको कुनै प्रभावकारिता र वैधता रहँदैन । कुनै पनि विकास र निर्माण प्रक्रियामा त्यस देश वा क्षेत्रका नागरिकहरूको लोकतान्त्रिक अधिकार र प्रभावकारी जनसहभागिताको हक भनेको पनि यही नै हो । बिगतमा विश्व बैंकअन्तर्गत सञ्चालनका लागि प्रस्तावित अरुण-३ आयोजनाका सम्बन्धमा वातावरणीय अध्ययन र प्रभाव न्यूनीकरण कार्यक्रमको प्रक्रिया, औचित्यता र वैधताका सम्बन्धमा विभिन्न कानुनी एवम् नीतिगत प्रश्नहरू उठेपछि बैंकका विरुद्ध बैंकअन्तर्गत नै स्थापित स्वतन्त्र छानबिन नियोग (Inspection Panel) समक्ष पहिलोपटक अरुण उपत्यकावासी प्रभावित व्यक्ति र विभिन्न सरोकारवालाहरूका तर्फबाट बैंकको इतिहासमै पहिलोपटक एक उजुरीसमेत दर्ता भएको थियो । उक्त नियोगले अरुण उपत्यका र अरुण-३ आयोजना क्षेत्रको समेत अध्ययनभ्रमण गरिसकेपछि तयार गरेको प्रतिवेदनका निष्कर्ष र सुझावसमेतका आधारमा नै बैंकले १९९५ को अगष्ट महिनामा अरुण-३ आयोजना तत्कालका लागि रद्द गर्ने निर्णय गरेको थियो । तर हाल अघि बढाइएको अरुण-३ आयोजनाका सम्बन्धमा बिगतमा गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र वातावरणीय प्रभाव न्यूनीकरण कार्यक्रमका रूपमा तर्जुमा गरिएको क्षेत्रीय कार्य योजना (Regional Action Plan) लाई नै कार्यान्वयन गरिने हो वा त्यसमा आवश्यक परिमार्जन गरिने हो वा वातावरणसम्बन्धी प्रचलित नेपालमा लागु रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, कार्यविधि र मापदण्डहरूका आधारमा नयाँ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र प्रभाव न्यूनीकरण कार्यक्रमहरू छुट्टै तर्जुमा गरी लागु गरिने हो भन्ने सम्बन्धमा त सञ्चारमाध्यममार्फत

समेत कुनै जानकारी प्राप्त हुन सकेको छैन । निवेदकहरूलाई अरुण-३ सम्बन्धी यस्ता सूचनाहरूबाट बञ्चित गरिएबाट यसबाट वातावरणसम्बन्धी प्रचलित कानुन, नियम, कार्यविधि र मापदण्डहरूको समेत गम्भीर उल्लङ्घन भएको अवस्था विद्यमान छ । तसर्थ सूचनाको हकको पूर्ण प्रत्याभूति नभएसम्म सत्लज कम्पनीसँग गरिएको करारसम्झौता कार्यान्वयनका लागि अनुपयुक्त, अवैध र गैरकानुनीसमेत छ । यदि वातवरणीय प्रभाव मूल्याङ्कन र वातावरणीय प्रभाव कार्यक्रमहरू प्रचलित ऐनकानुनअनुसार छुट्टै र नयाँ गरिने हुन् भने पनि त्यससम्बन्धी विस्तृत जानकारी पाउने अग्रीम अधिकारसमेत हामी निवेदकहरूमा सुरक्षित रहेको छ । साथै प्रभावित क्षेत्रका बासिन्दाहरूलाई अझै पनि वातावरणीय प्रभाव मूल्याङ्कनका सिलासिलामा हरेक चरणहरूमा सहभागी हुने अधिकार छ । उनीहरूलाई बेलाबखत आयोजना गर्ने औपचारिक सभा र बैठकहरूमा सहभागी हुनेमात्र नभई आयोजनासम्बन्धी अध्ययनको प्रारम्भदेखि निर्णयप्रक्रिया, कार्यान्वयन, सञ्चालन र त्यसपछिको अवधिमा समेत निर्णायक ढङ्गले प्रत्यक्षरूपमा संलग्न हुन पाउने अधिकार छ । यी अधिकारहरू मानवअधिकार तथा वातावरणसम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नियम र कार्यविधिअन्तर्गत व्यवस्थित गरिएका छन् । वातावरण संरक्षण ऐन तथा नियमावलीमा भएका विभिन्न प्रावधानहरूका अतिरिक्त खासगरी संयुक्त राष्ट्रसङ्घअन्तर्गत विकसित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (१९६६), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (१९६६), जैविक विविधतासम्बन्धी महासन्धि (१९९२), मौसमपरिवर्तनसम्बन्धी महासन्धि (१९९२) तथा एजेन्डा २१ नामक कार्ययोजनाका साथै हाल आएर मौसम परिवर्तनसम्बन्धी महासन्धिको क्योटो प्रोटोकल (१९९७) अन्तर्गत सिर्जित दायित्वहरू पर्दछन् । नेपाल राज्यपक्ष भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरू नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अन्तर्गत संसद्‌निर्मित राष्ट्रिय कानुनभन्दा पनि सर्वोच्च हैषियतका साथ प्रभावकारीरूपमा लागु भइरहेका छन् ।

१०. यस्ता प्राकृतिक स्रोतहरूमाथि सम्बन्धित क्षेत्र र देशका जनताका सार्वभौमिक अधिकारका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको साधारणसभाद्वारा पारित प्राकृतिक स्रोतमाथि स्थायी सार्वभौमिकतासम्बन्धी प्रस्ताव, १९७२ मा पनि व्यवस्था गरिएको छ । साथै संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएको सन् १९८६ को विकाससम्बन्धी अधिकारको घोषणपत्रले समेत स्थानीय स्रोतमा राज्य र जनताको समान अधिकार हुने कुरा उल्लेख गरेको छ । यसबाट स्पष्ट हुन्छ कि राज्यले स्थानीय जनताको स्रोतमाथिको स्वामित्वलाई सम्मान र जर्गेर्ना गर्नुपर्ने हुन्छ । स्थानीय समुदायको विकासको अधिकारलाई सुनिश्चित गर्नुपर्ने हुन्छ । तर अरुण-३ आयोजनाका हकमा स्थानीय जनताले जलविद्युत उत्पादन र त्यसको निर्यातका लागि आफ्नो अति प्रिय स्रोतका उपलब्ध गराएबापत विकासको प्रत्यक्ष प्रतिफल के पाउने हुन् भन्नेजस्ता विषयहरूतर्फ कुनै छलफल, परामर्श र जानकारीबिना नै हतारहतारमा सतजल कम्पनीसँग करारसम्झौता सम्पन्न भएको छ । माथि उल्लिखित आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २ र २५ यस यस सवालहरूमा प्रत्यक्षरूपले सम्बन्धित छन् । यस आधारमा अरुण नदी क्षेत्रका जनताको प्रत्यक्ष एवम् बाँकी नेपालीहरूको अप्रत्यक्ष हक लाग्ने अरुण नदी र त्यसको विकासका सम्बन्धमा आत्मनिर्णय र विकासको प्रतिफलको अधिकार स्पष्टरूपमा सुरक्षित गर्नुपर्ने हुन्छ । विकास आयोजनाबाट हुने आर्थिक तथा सामाजिक फाइदाहरूमाथिको प्राथमिक अधिकार एवम् स्वामित्व स्थानीय जनता र सम्बन्धित समुदायमाथि रहने कुरा सुनिश्चित गर्नुपर्ने हुन्छ । अरुण नदी क्षेत्रका जनताहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन भन्नु नै अरुण नदीमाथि हुने विकासको प्रक्रिया र प्रतिफल वितरण प्रणालीमा उनीहरूको प्रत्यक्ष संलग्नता, नियन्त्रण र फाइदाको सुनिश्चितता हो । तर विपक्षीहरूबाट यी सवालहरूप्रति पूर्णरूपमा बेवास्ता भएको छ ।

११. जलस्रोतसम्बन्धी नेपालका विभिन्न विशेषज्ञहरूका भनाइअनुसार अरुण-३ नेपालका लागि सबैभन्दा सस्तोमा जलविद्युत उत्पादन गर्नसक्नेमध्येको एक आकर्षक आयोजना हो । यस अर्थमा अरुण-३ आयोजनाअन्तर्गत उत्पादन हुने बिजुली अधिकांश स्थानमा अँध्यारोमा बाँच्न बाध्य पूर्वाञ्चल क्षेत्रको विद्युतीकरण र नेपालको समग्र औद्योगिकीकरणका लागि एक अमूल्य प्राकृतिक सम्पदा हो । तसर्थ यस आयोजनाको निर्माण नेपाल आफैंले आफ्नै लागि निर्माण गर्न जरुरी छ । विपक्षीहरूले चाहेमा यस आयोजनाका लागि आवश्यक पर्ने लगानीस्रोत देशभित्रबाटै जुटाउन सकिन्छ । स्वदेशमा ठूलो संख्यामा सरकारी सेवामा रहेका वा बेरोजगार बसेका जलस्रोत र जलविद्युत क्षेत्रका विशेषज्ञहरूलाई सहभागी गराउन सकिन्छ । यस आयोजनाका लागि आवश्यक पर्ने प्रायःजसो निर्माणसामग्री र कच्चा पदार्थहरू पनि आन्तरिकरूपमै उपलब्ध गराउन सकिन्छ । देशभित्र उपलब्ध नभएको सेवा वा लगानीस्रोतमात्र कुनै विदेशी सरकार वा संस्था वा कम्पनीबाट प्राप्त गर्ने हो । त्यस्तै आयोजना निर्माणकालमा आवश्यक पर्ने

दक्ष, अर्धदक्ष वा अदक्ष कामदारहरू पनि देशभित्रबाटै जुटाउन सकिन्छ । यदि आयोजना निर्माणको कार्य कुनै विदेशी सरकार वा कम्पनीलाई हस्तान्तरण गर्नैपर्‍यो भने पनि खुला बोलपत्र आह्वानको माध्यमबाट नेपाली कम्पनी, विशेषज्ञ, पुँजीलगानी र कामदारहरूको समेत प्रत्यक्ष सहभागिता हुने गरी त्यसबाट बिजुली भने सम्पूर्णरूपमा नेपालकै लागि खपत गर्नेगराउने नीति र योजना पनि अख्तियार गर्नसकिन्छ । अन्य मुलुकहरू आन्तरिकरूपमा उपलब्ध प्राकृतिक, मौद्रिक र मावनीय स्रोतसाधनको अधिकतम् उपयोग गरेका कारणले गर्दा नै छिट्टै विकसित हुने पुगेका छन् वा हुने क्रममा छन् । तर उक्त सत्लज कम्पनीसँग करारसम्झौता गर्दा यी कुनै पनि विकल्पहरूतर्फ ध्यान नदिई कौडीको मूल्यमा अरुण-३ को कन्यादान गर्ने कार्य भएको छ जो सदासर्वदा नेपाल र नेपालीहरूको राष्ट्रिय हितविपरीत छ ।

१२. जलस्रोत तथा विद्युतसम्बन्धी ऐन (२०४९) का समग्र उद्देश्यलाई हेर्दा देशभित्र जलस्रोत एवम् विद्युत विकास र वितरणलाई प्राथमिकता दिएको देखिन्छ । यसको प्रमाणस्वरूप विद्युत ऐनको दफा २८ हेरेको खण्डमा पनि स्पष्ट हुन्छ । यसअनुसार कुनै विशेष अवस्था परी कुनै क्षेत्रको विद्युत उत्पादन, प्रशारण वा वितरण बन्द गर्नु परेमा वा कुनै क्षेत्रमा विद्युत सेवा तत्काल पुर्‍याउनु पर्ने भएमा (श्री ५ को) सरकारले सम्बन्धित विद्युत उत्पादन, प्रशारण वा वितरण गर्नका लागि आवश्यक आदेश दिन सक्नेछ र त्यस्तो आदेश पालना गर्नु निजको कर्तव्य हुनेछ । यसबाट यो स्पष्ट हुन्छ कि राज्यले चाहेमा जुनसुकै समयमा पनि आयोजनाको विद्युत आपतकालीन अवस्थामा अन्यत्र वितरण गर्न सक्नेछ । तर अरुण ३ सम्झौतामा यी सबै सवालहरू मौन छन् । नेपालमा आवश्यक पर्‍यो भने भारतमा निर्यात भइसकेको बिजुली पुनः विद्युत निर्यात सम्झौतामा परिवर्तन गरेर नेपालको आन्तरिक बजारमा खपत गर्ने भन्ने कुरा आजसम्मको अनुभवलाई हेर्दा कदापि सम्भव देखिन्न । यस सन्दर्भमा हामी निवेदकहरू सम्मानित अदालतसमक्ष उक्त सम्झौतामा दुई देशबीच प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँडसम्बन्धी प्रश्न लिएर उपस्थित भएका छौँ । अरुण ३ सम्झौतामा नेपाल र भारत सरकारबीच सम्पन्न महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि कै जस्तो प्रकृति दुरुस्त नभए पनि अरुण नदीको पानी र त्यसको प्रतिफलको उपयोगलाई नेपाल र भारतका बीच बाँडफाँड गर्ने योजना रहेको तथ्य स्थापित भएको छ । जुनसुकै प्रक्रिया अपनाएर भएपनि दुईदेशबीच स्रोतको बाँडफाँडसम्बन्धी सम्झौता गर्ने कार्य जलस्रोत तथा विद्युत ऐनअन्तर्गत समेत सम्भव छैन । यसका निमित्त नयाँ कानुन निर्माण गर्नुपर्ने हुन्छ । विवादास्पद पश्चिम सेती र माथिल्लो कर्णाली आयोजनासँग सम्बन्धित सम्झौताहरूका तुलनामा अरुण ३ सम्झौता त भारतको एक अभिन्न सरकारी निकाय सत्लज कम्पनीसँग भएको अवस्था छ ।

१३. साथै सञ्चारमाध्यममार्फत जानकारी भएअनुसार नेपालको यति महत्वपूर्ण प्राकृतिक सम्पदा तथा त्यसमा निर्माण हुने अरुण-३ आयोजना दीर्घकालीन व्यापार र उपयोगका लागि सत्लज कम्पनीलाई हस्तान्तरण गरेपछि त्यसको प्रतिफलबापत नेपालले मात्र २१.९ प्रतिशत बिजुली पाउने प्रावधान राखिएको छ । यस्तो प्रावधान आफैँमा हचुवा, अवैज्ञानिक एवम् राष्ट्रिय हित, आवश्यकता र प्राथमिकताविपरीत छ । कथित निःशुल्क भनिएको उक्त बिजुलीका परिमाण सत्लज कम्पनीले हासिल गर्ने आर्थिक लाभ तथा नेपाल र नेपालीहरूले बेहोर्नुपर्ने हानीनोक्सानीका तुलनामा अत्यधिक छ । निवेदकहरूको अध्ययन, बुझाई र मागअनुसार यसरी कुनै कम्पनीलाई आयोजना हस्तान्तरण गर्नुपर्‍यो भने पनि कम्तीमा पनि त्यसबाट उत्पादित बिजुलीको ५० प्रतिशत परिमाण नेपालका लागि उपलब्ध हुनुपर्दछ । कारण, यस्ता जलविद्युत आयोजनाहरू निर्माण गरी त्यसबाट मुनाफा आर्जन गर्ने कुनै सरकार, संस्था वा कम्पनीका लागि सबैभन्दा महत्वपूर्ण र अप्राप्य स्रोत भनेको नदी, पानी र बाँध निर्माणका लागि अत्यन्तै उपयुक्त जनसंख्या विस्थापनबिनाको सानो र साँघुरो स्थानको उपलब्धता हो । यस्तो उपलब्धता नै अरुण-३ को सबैभन्दा आकर्षक पक्ष हो । यसमा गरिने आर्थिक लगानी र आधुनिक विज्ञानप्रविधिको उपयोग गौण पक्ष हो । प्राकृतिक स्रोतहरू मानवसिर्जित हुन सक्दैनन् तर विज्ञानप्रविधि जे जस्ता पनि आविष्कार हुन सक्दछन् । यसरी कुन आयोजनाबाट के कति निःशुल्क बिजुली प्राप्त गर्ने गरी कुन कम्पनीलाई उक्त आयोजना हस्तान्तरण गर्नु उपयुक्त हुन्छ वा हुँदैन भन्ने विषयमा नेपालमा आजसम्म कतै अध्ययन भएको पाइँदैन । यससम्बन्धमा कुनै विशेषज्ञ-समुदायसँग वैज्ञानिक एवम् प्राविधिक परामर्श र सार्वजनिक छलफल गरेको प्रमाणसमेत कतै फैला पर्दैन । यससम्बन्धमा प्रचलित कानुनमा भएका प्रावधानहरू पनि मौन छन् । यसरी कथित निःशुल्क बिजुली प्राप्त गर्ने नाममा कसैलाई लामो अवधिका लागि कुनै नदी र प्राकृतिक स्रोतमाथिको स्वामित्वसमेत हस्तान्तरण हुने गरी आयोजना सुम्पने कार्य के कसरी उपयुक्त हुन्छ वा हुँदैन भन्ने अनुभवसमेत विपक्षीहरूसँग छैन । यथार्थमा प्रचलित जलस्रोत ऐन, २०४९ का आधारमा त

विपक्षीहरूलाई नेपालको जलस्रोत वा त्यसको उपयोगको बाँडफाँड र निर्यात सीमापारसम्म गर्न पाउने गरी कुनै सम्झौता वा करार गर्ने अधिकारसमेत कतै छैन । तसर्थ यस्तो हचुवा र लहडबाजीका भरमा संविधानसभाको निर्वाचनको पूर्वसन्ध्यामा आएर निर्वाचन प्रक्रिया र यसको परिणामाथि नै अनुचित प्रभाव पर्ने वा पार्ने गरी गरिएको अरुण-३ सम्बन्धी सम्पूर्ण करारसम्झौताहरू तत्कालका लागि खारेज गर्नुपर्ने अवस्था छ । कम्तीमा पनि नयाँ संविधान र निर्वाचित सरकारको गठन नभएसम्मका लागि अरुण-३ सम्बन्धी सम्पूर्ण कार्यहरू राष्ट्रको हितमा स्थगित गर्नुपर्ने परिस्थिति विद्यमान भएको छ ।

१४. त्यस्तै बिगतमा अरुण-३ का सम्बन्धमा भएका सम्पूर्ण अध्ययन प्रतिवेदन, नक्शा, विवरण र आयोजनाका लागि उपयोग हुने प्रवेश मार्गको उपलब्धता हामी निवेदकहरूको चौथो सार्वजनिक चासो र सरोकारको विषय हो । अरुण-३ को पूर्वाधार निर्माण गर्ने क्रममा यी अध्ययन र सडकमार्गहरू निर्माणका गर्दा नेपाली जनताले तिरेको कर वा नेपाल र नेपाली जनताका लागि विनियोजन हुनुपर्ने राष्ट्रिय बजेटको ढुकुटीबाट बिगतदेखि नै अर्बौं रूपैयाँ रकम लगानी भइसकेको छ । आजसम्ममा यस्तो खर्च के कति भएको छ र उक्त खर्च रकम आयोजना निर्माण गर्ने भनिएको सत्लज कम्पनीबाट असुलउपर गर्ने गराउने विषयमा विपक्षीहरूको के कस्तो सोच, दृष्टिकोण र योजना रहेको छ भन्ने कुरा थाहा पाउनु पनि हामी निवेदकहरूको सूचनाको हकअन्तर्गतको महत्वपूर्ण सवाल हो । बिगतदेखि वर्तमानसम्म संकलन भएका अरुण-३ सम्बन्धी सम्पूर्ण सूचनाहरूको पूर्ण पारदर्शिताको अभावमा यस सार्वजनिक महत्व र चासोको महत्वपूर्ण विषयमा कुनै पनि निष्कर्षमा पुग्नसक्ने अवस्था रहँदैन । तसर्थ सूचनाको उपलब्धताका साथै सत्लज वा अन्य कुनै पनि निजी वा विदेशी कम्पनीलाई अरुण-३ आयोजना निर्माण र सञ्चालनका लागि कुनै सम्झौता वा करार गर्नुभन्दा पहिले नै यी सम्पूर्ण सवालहरूको अन्तिम टुङ्गो लगाउनु पर्ने हुन्छ ।

१५. त्यस्तै कुनै जलविद्युत आयोजना निर्माणका लागि विदेशी लगानी वा बहुराष्ट्रिय कम्पनीहरूलाई आकर्षित गर्ने सवालमा पनि विपक्षीहरूमा स्पष्ट दृष्टिकोण र नीतिको अभाव देखिन्छ । खासगरी कुनै पनि आयोजना कुनै पनि विदेशी कम्पनीलाई निर्माणकार्य र सञ्चालन गर्नदेखि लिएर सम्पूर्णरूपमा नै स्वामित्वसमेत हस्तान्तरण गर्ने तथा करिब आयोजनाको आयु समाप्त भइसकेपछि वा हुने बेलामा मात्र नेपाललाई उक्त आयोजना हस्तान्तरण गर्ने भन्नेजस्तो हचुवा एवम् राष्ट्रघाती सिद्धान्त नेपालजस्तो संक्रमणकालीन एवम् विकासोन्मुख लागिका कदापि उचित हुँदैन । यो सिद्धान्त नेपाल वा अन्य कुनै पनि अल्पविकसित वा विकासोन्मुख देश र जनताहरूको हितमा नभई आर्थिक एवम् व्यापारिक विश्वव्यापीकरण, उदारीकरण र निजीकरणका नाममा विश्वमा विद्यमान प्राकृतिक स्रोतहरूमाथि ब्रम्हलुट मच्चाउनका लागि पश्चिमा ओद्योगिक राष्ट्र र विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व व्यापार संगठनजस्ता नवऔपनिवेशक वित्तीय एवम् वाणिज्य संस्थाअन्तर्गत जबर्जस्त प्रवाहित नीतिहरूको परिणाम हो भन्ने कुराको हेक्का विपक्षीहरूले राखेको देखिँदैन । नत्र कुनै आयोजनामा कुनै विदेशी कम्पनीलाई कुनै हैसियतमा कुनै बेला संलग्न गराउनुपर्ने आवश्यकता देखिनआए तापनि सम्पूर्ण प्राकृतिक स्रोतमाथिको स्वामित्व नै हस्तान्तरण गर्नेजस्तो राष्ट्रघाती निर्णय कदापि स्वीकार्य हुनसक्दैन । यस्तो हचुवा सिद्धान्तका आधारमा आफ्नो देशको स्रोत र सम्पदा विदेशी कम्पनीलाई सुम्पने नेपालजस्ता धेरै गरिब राष्ट्रहरूको आर्थिक, सामाजिक एवम् पर्यावरणीय स्थिति आज कहालिलाग्दो स्थितिमा पुगेको छ । यस्तै गैरजिम्मेवार सिद्धान्त र तिनको कार्यान्वयनका कारण नै सोचेभन्दा बढी वातावरण विनास हुने, पर्यावरणीय सन्तुलन बिग्रने र नेपालमा समेत प्रतिकूल असर पर्ने गरी विश्वव्यापीरूपमा मौसम परिवर्तन भइरहेको दृष्टान्तहरू प्रशस्त छन् जो यस मुद्दामा हुने पुर्पक्षका सिलसिलामा प्रस्तुत गरिने नै छन् ।

१६. यस्तो राष्ट्रघाती एवम् जनघाती सिद्दान्तका कारण स्थानीय जनता, खासगरी अरुण उपत्यका क्षेत्रका आदिवासी र जनजाति समुदायहरूले युगौंदेखि भोगचलन, स्याहारसम्भार र संरक्षण गर्दै आएका प्राकृतिक स्रोतहरू रातारात अन्तर्राष्ट्रिय निजीकरण र व्यापारीकरणको चपेटामा पर्ने गरेका छन् । स्वदेशी भूमि, स्रोत र साधनमा मुनाफाखोर कुनै निजी वा विदेशी कम्पनीको प्रवेश भएपछि त्यसको असर के कति नकरात्मक वा प्रत्युत्पादक हुन्छ भन्ने विषयमा विश्वव्यापीरूपमा विभिन्न अनुभवहरू सङ्गालिएका छन् । वैज्ञानिक प्रतिवेदनहरू तयार गरिएका छन् । अरुण-३ का हकमा पनि सत्लज कम्पनीको सम्पूर्ण नियन्त्रण र स्वामित्व कायम हुनेबित्तिकै अरुण उपत्यकावासी, आदिवासी र जनजातिहरू आफ्नो परम्परागत प्राकृतिक स्रोतको सही विकास र उपभोगको अधिकारबाट सदाका लागि बञ्चित हुनेछन् । अनियन्त्रितरूपमा प्रवेश हुने सस्तो विदेशी पुँजी, विनासकारी विज्ञानप्रविधि, बाहिरिया कामदार र सँगसँगै

भित्रिने विदेशी संस्कृति र विकृतिका कारण उत्पन्न हुने आर्थिक, सामाजिक, साँस्कृतिक तथा पर्यावरणीय प्रभावहरूबाट स्थानीय, आदिवासी र जनजाति समुदायहरू विष्मयकारीरूपमा प्रभावित हुनेछन् । त्यसैले कुनै पनि ठूला बाँध संरचना वा आयोजनाहरू निर्माण गर्दा स्थानीय, आदिवासी र जनजातिहरूको हक, हित, अधिकार, सुरक्षा र विकासका लागि के कस्ता नीति, योजना र कार्यक्रमहरू अख्तियार गरिनुपर्दछ भन्ने विषयमा संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय श्रम संगठन तथा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र साँस्कृतिक संगठन (युनेस्को) अन्तर्गत विकसित आदिवासी, जनजाति र अल्पसंख्यकहरूका अधिकारसम्बन्धी प्रावधानहरूको परिपालना गर्नु हरेक सदस्य राष्ट्रहरूको अनिवार्य दायित्व रहेको छ । यस्तो दायित्व विपक्षीहरूका हकमा समेत सन्निहित रहेको छ ।

१७. त्यस्तै सन् २००० मा जारी भएको विश्व बाँध आयोगको प्रतिवेदन र यसले अघि सारेका मापदण्डहरू तथा यस प्रक्रियालाई निरन्तरता दिन विपक्षी जलस्रोत मन्त्रालयको सक्रियतामा सन् २००२ मा नेपालमा प्रारम्भ भएको राष्ट्रिय संवाद कार्यक्रमअन्तर्गत सम्पन्न अध्ययनहरूले समेत स्थानीय, आदिवासी र जनजातिहरूका हक, अधिकार, सुरक्षा र विकासका सवालमा बहुपक्षीय सर्वसम्मतिबाट विभिन्न सिद्धान्त र मान्यताहरू विकसित गरेका छन् । अरुण उपत्यकालगायत नेपालका सम्पूर्ण आदिवासी र जनजाति समुदायहरू पनि आज हाम्रो देश नयाँ युगमा प्रवेश गर्न लागिरहेको परिवेशमा स्थानीय प्राकृतिक स्रोतसाधनमाथि स्थानीय आदिवासी र जनजाति समुदायको स्वामित्व, नियन्त्रण र उपभोगको अधिकारलाई उच्च प्राथमिकतासाथ संरक्षण गरिनुपर्दछ भन्ने अभियानमा सक्रिय रहेका छन् । यिनै भावना र दृष्टिकोणहरू नै संविधानसभामार्फत निर्माण हुने नयाँ नेपालको नयाँ संविधानमा पनि अवश्य नै प्रतिबिम्वित हुने कुरा सहजै अनुमान गर्न सकिन्छ । तसर्थ मुलुक यसरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र र स्वायत्त शासनतर्फ रूपान्तरण भइरहेका बेला अरुण-३ जस्ता कुनै पनि आयोजनाहरूका विषयमा नयाँ नेपालका भावी सरकारहरू र जनताहरूमाथि अनुचितरूपमा दीर्घकालीन प्रभाव पर्ने गरी कुनै पनि सन्धिसम्झौता वा करार गर्ने कार्य स्वतः नै बदनियतपूर्ण, अव्यावहारिक, अवैज्ञानिक र असान्दर्भिक भएको तथ्य निर्विवाद छ ।

१८. नेपालले आफ्नो अथाह जलस्रोत र जलविद्युत क्षमताको विकास गर्दा आन्तरिक खपत र त्यसको विस्तारलाई प्राथमिकता दिने हो वा मुख्यरूपमा केही शहरबजार क्षेत्रमा मात्र बिजुली वितरण गरिसकेपछि बचेको सबै बिजुली भारतमा निर्यात गर्ने हो भन्ने सवालमा पनि विभिन्न अध्ययन, अनुसन्धान, विश्लेषण र बहसहरू भएका छन् । यी सवालहरूमा विपक्षीहरूको अदूरदर्शिता र गैरजिम्मेवारीपनका कारण हाल नेपाल जबर्जस्त विद्युतकटौतीको प्रभावमा परेको तथ्य सर्वविदितै छ । हाल नेपालमा प्रति युनिट विद्युतकटौतीको लागत झण्डै १६ सेन्ट (१०० सेन्ट बराबर १ अमेरिकी डलर हुन्छ) पर्न आउँछ । उदाहरणको लागि, विद्युतकटौतीको विकल्पका रूपमा कार्यालय, उद्योगधन्दा र घरपसलेहरूले समेत जेनरेटरमा लगानी गर्न थालेका छन् । यसले गर्दा पेट्रोलियम पदार्थको खपतमा अत्यधिक बृद्धि भएको छ । यसरी उत्पादित बिजुलीको लागत प्रतियुनिट ३० सेन्ट पर्न आउँछ । अर्कोतर्फ, जेनरेटरमा लगानी गर्न नसक्नेहरूले भने काम पनि पाउँदैनन् । परिणामस्वरूप विभिन्न उद्योग र कलकारखानामा काम गर्ने कामदारहरूले बेरोजगार बस्नुपर्ने हुन्छ । समग्र पूर्वाञ्चल क्षेत्रका लागि नै के कुन प्रयोजनका लागि के कति बिजुली आवश्यक छ भन्ने कुरा त्यस क्षेत्रको विकाससम्बन्धी विभिन्न सरकारी नीति र योजनाहरूको अध्ययनबाटै पनि अनुमान गर्नसकिन्छ । तर विद्यमान अरुण-३ सम्बन्धी करारसम्झौताबाट नेपाल र नेपाली जनतालाई फाइदाभन्दा बेफाइदा हुने निश्चित छ । सत्लज कम्पनीले करिब ८८ मेगावाटमात्र बिजुली नेपाललाई निःशुल्क प्रदान गर्ने तथा थप बिजुली नेपालले जहिले पनि खरिद गर्नसक्ने प्रावधान नै राखिएतापनि एकपटक विद्युत निर्यात गर्ने भनेर भारतसँग सम्झौता भइसकेपछि त्यसमा नेपालले चाहेको बेला थप विद्युत प्राप्तिका लागि सम्झौतामा भएका प्रावधानहरूमा आवश्यक परिवर्तन गर्नसक्नेछ भन्ने कुरा कदापि विश्वास गर्न सकिन्न । यदि यस्तो परिवर्तन सम्भव भयो नै भने पनि नेपालका आफ्नै नदी र पानीबाट उत्पादित बिजुली पनि अधिक चर्को मूल्यमा भारत वा भारतीय कम्पनीबाट खरिद गर्नुपर्ने बाध्यता सिर्जना हुनेछ । यस्तै समस्या अर्को विवादास्पद एवम् यसै अदालतमा हाल निर्णयार्थ विचाराधीन रहेको पश्चिम सेती आयोजनाका हकमा पनि उत्पन्न भएको छ । तसर्थ नेपालमा हाल निर्वाचित सरकार, निर्वाचित संसद्, प्रतिपक्ष र जननिर्मित स्थायी संविधान नरहे-नभएको अवस्थामा मानवअधिकार, मौलिक अधिकार र वातावरणसम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका साथै सम्मानित अदालतबाट नेपाल र नेपाली जनताको सर्वोत्तम हितका पक्षमा प्रतिपादन गरिएका विभिन्न नजीरसिद्धान्तहरूसमेतका आधारमा नेपाल र नेपालीहरूका लागि आवश्यक पर्ने जलविद्युत सुलभ मूल्यमा सर्वत्र उपलब्ध

गराइसकेपछि मात्र बचेको बिजुली सकेसम्म अधिकतम् नाफादरमा निर्यात गर्न सकिने भन्ने निर्देशनात्मक आदेश विपक्षीहरूका नाममा तत्काल जारी हुनुपर्ने देखिन्छ । अन्यथा मुलुकको यस संक्रमणकालीन अवस्थामा विपक्षीहरूको स्वेच्छाचारिताले पराकाष्ठा नाघ्ने सम्भावना अधिकरूपमा बढ्दैजाने छ । यस्तो जटिल अवस्थामा राष्ट्र र जनताको दीर्घकालीन हक, हित र अधिकारको रक्षाका निमित्त सम्मानित अदालतबाहेक अरु कुनै विकल्प बाँकी रहँदैन र अहिलेको अवस्थामा छैन पनि ! त्यसैले हामी निवेदकहरू अन्य भरपर्दो सहारा र उपायका अभावमा सम्मानित अदालतसमक्ष यो रिट निवेदनसहित उपस्थित हुन बाध्य भएका छौँ ।

१९. निवेदकहरूको पाँचौं मागदाबी र आग्रह नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(च), १६, १९ र २७ सँग सम्बन्धित छ । धारा १२(च) ले कुनै पेशा, रोजगार र उद्योगव्यवसाय आदि गर्ने स्वतन्त्रता प्रदान गरेको छ । तर विपक्षी नेपाल सरकारले सत्लज कम्पनीसँग गरेको उक्त करारसम्झौताको गलत प्रकृति र प्रबृत्तिका कारण अरुण उपत्यकावासीहरूले आफ्नै नदीको स्रोत उपभोग गर्ने अधिकार तथा आयोजना निर्माणका क्रममा उपलब्ध हुने रोजगारी र पेशाबाट समेत बञ्चित हुनुपर्ने अवस्था देखिन्छ । उदाहरणका लागि, प्रचलित विद्युत ऐन, २०४९ मा व्यवस्था भएअनुसार आयोजना संचालकलाई नदीको पानीमाथि निर्वाध अधिकार सुनिश्चित हुने हुनाले अरुण-३ आयोजनाभन्दा माथिल्लो तट वा भूभागका जनताहरू भविष्यमा अतिरिक्त पानीको उपभोग्य अधिकारबाट वञ्चित हुनुपर्ने सम्भावना देखिएको छ । यसबाट उनीहरूको जलसम्पदामा आधारित अतिरिक्त कृषि, उद्योग र स्वरोजगारीमाथि प्रत्यक्षरूपले प्रभाव पर्नेछ । आयोजनाबाट स्थानीय जनताले के कति प्रत्यक्ष प्रतिफल हासिल गर्नसक्ने छन् वा छैनन् भन्ने विषयमा पनि सूचनाको अभावमा सर्वत्र अनभिज्ञता छ । त्यस्तै, धारा १६ ले स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार र स्वास्थको अधिकार सुनिश्चित गरेको छ भने धारा १९ मा सम्पत्तिसम्बन्धी अधिकारको व्यवस्था छ, जसअनुसार राज्यले बिनाक्षतिपूर्ति कसैको पनि सम्पत्ति प्राप्त गर्न नसक्ने प्रावधान सुनिश्चित गरिएको छ । सार्वजनिक प्रयोजनका लागि कुनै जग्गाजमीन वा सम्पत्ति प्राप्त गरिहाले तापनि त्यसबापत उचित क्षतिपूर्तिको व्यवस्था गरिएको छ । त्यस्तै धारा २७ ले सूचनाको हकका सम्बन्धमा गरेको व्यवस्थाअनुसार हाल सूचनाको हकसम्बन्धी छुट्टै कानुन निर्माण भई लागुसमेत भइसकेको छ । तर यस रिट निवेदनको प्रयोजनार्थ विपक्षीहरूबाट उक्त ऐनको प्रभावकारी पालना भइरहेको छैन । बिगतमा अरुण-३ सम्बन्धी मुद्दामा स्थापित सूचना माग्ने र पाउने कार्यविधि तथा प्रचलित ऐनअनुसारको कार्यविधि अपनाएर सूचना प्रवाह गर्ने वा गोप्य सूचनाहरू भए कानुनबमोजिम कारण र विवरणसहित सोहीअनुसारको जानकारी दिने प्रणाली र मनाबृत्ति अझसम्म पनि विकसित भएको पाइन्न । अरुण-३ का सवालमा संविधानमा व्यवस्थित राज्यका विभिन्न निर्देशक सिद्धान्त तथा नीतिहरूको समेत गम्भीर उल्लङ्घन भएको छ । यसबाट अरुण नदी र त्यससँग अन्तरसम्बन्धित अन्य प्राकृतिक स्रोत, पर्यावरण र वातावरणका सवालमा प्रभावित क्षेत्रका नागरिक एवम् जनसमुदायका साथै समस्त नेपाली नागरिकहरू सूचना, सहभागिता र विकासको प्रतिफल प्रत्यक्षरूपमा उपभोग गर्ने आफ्नो सार्वभौमिक अधिकारबाट बञ्चित हुनुपरेको दुःखद अवस्था विद्यमान छ ।

२०. बिगतको अनुभवलाई हेर्दा प्रचलित संविधानको धारा १५६ मा भएजस्तै प्रावधान समेटिएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ लाई मध्येनजर गर्न जरुरी छ । उक्त धारा १२६ को परिभाषा र व्याख्याका सन्दर्भमा टनकपुर समझदारीसम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतले गरेको फैसला अरुण-३ सम्झौताका हकमा समेत उत्तिकै महत्वपूर्ण छ । उक्त मुद्दामा सर्वोच्च अदालतले गरेको आदेशको पालना यस्तै प्रकृतिका अन्य विवादहरूमा के कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा केही वर्ष अगाडि जलस्रोत मन्त्रालय, जल तथा शक्ति आयोग र विभिन्न स्वतन्त्र विशेषज्ञहरूबीच पटकपटक छलफलहरू भएका थिए । त्यसपछि प्राकृतिक स्रोतको दीर्घकालीन बाँडफाँड भनेको के हो तथा तिनको व्यापक, गम्भीर र दीर्घकालीन असर भन्नाले के कस्तो परिभाषा र अर्थ हुन्छ भन्ने सम्बन्धमा एक स्थितिपत्र (Status Paper) तयार गरिएको थियो । यसलाई तयारी गर्ने क्रममा झण्डै छ दर्जन विशेषज्ञ एवम् टनकपुरसम्बन्धी मुद्दामा फैसला गर्ने सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरूसमेतको विशेषज्ञराय हासिल गरिएको थियो । उक्त स्थितिपत्रले अवलम्बन गरेका सिद्धान्त र मान्यताअनुसार पानी र बाँध निर्माणस्थल दुबैलाई प्राकृतिक स्रोत मानिएको छ । यी दुबैको संयोगले मात्र कुनै पनि प्राकृतिक स्रोतको परिचालन सम्भव हुन्छ । यस स्थितिपत्रले स्पष्टरूपमा भनेको छ कि बाँडफाँडको स्थिति पहिल्याउन र यकिन गर्नका लागि त्यसरी उत्पादित पानी तथा बिजुलीले देशको राष्ट्रिय सिमाना पार गर्छ कि गर्दैन भन्ने कुरा हेर्नुपर्ने हुन्छ । यदि पार गर्छ भने सोहीअनुसार र पार गर्दैन भने त्यसैअनुसार

प्राकृतिक स्रोतको बाँडफाँड तथा त्यसका व्यापक, गम्भीर र दीर्घकालीन असरहरूको व्याख्या गर्नुपर्ने हुन्छ । यस्तो बाँडफाँडको प्रश्नले दुई देशबीचको हिस्सेदारी कायम गर्ने हुनाले तत्कालीन संविधानको धारा १२६ अनुसार संसद्को संयुक्त बैठक वा प्रतिनिधिसभाको बैठकबाट अवस्था हेरी साधारण वा दुईतिहाई बहुमतले कुनै पनि सन्धिसम्झौताहरू पारित गरिनुपर्ने कुरामा जोड दिइएको थियो । संसद्को दुईतिहाई बहुमत आवश्यक पर्ने आधारका रूपमा स्थितिपत्रले जम्मा नौ वटा बुँदाहरू उल्लेख गरेको छ जसका बारेमा आवश्यक परेमा सम्मानित अदालतको सामान्य जानकारीका लागि यस मुद्दामा हुने बहसका क्रममा व्याख्या गरिने नै छ । यस स्थितिपत्रका आधारमा समेत अरुण-३ आयोजना व्यापक, गम्भीर र दीर्घकालीन असर पर्ने प्रकृतिको करारसम्झौता हो भन्ने कुरामा कुनै द्विविधा छैन ।

२१. हालसम्म देशको कूल विद्युत उत्पादन ६०० मेगावाटको हाराहारी रहेको र विद्युत माग त्यो भन्दा बढी रहको देखिन्छ । उत्पादित विद्युत अपुग भएको अवस्थामा वर्षायाममा समेत विद्युत्विद्युतकटौती ( लोडसेडिङ्) को मार खेप्नु परिरहेको स्थिति छ । साथै हरेक वर्ष ‌विद्युतको माग बढ्दो छ । आज पनि ८० प्रतिशतभन्दा बढी नेपालीहरू विद्युतसेवाको उपभोगबाट बञ्चित छन् । नयाँ नेपालको पुनर्संरचना एवम् स्थायी शान्ति कायम भई देश दिगो शान्तितर्फ प्रवेश गरिरहेको यस अवस्थामा देशभित्रै ‌विद्युत माग थप बुद्धि हुने कुरा निश्चित छ । नेपालको बहुआयामिक औद्योगिकीकरणका निमित्त ‌विद्युतको माग के कति हुने भन्ने कुराको अनुमानमात्र गरेको खण्डमा पनि अरुण-३, पश्चिम सेती र माथिल्लो कर्णालीजस्ता आयोजनाहरूबाट उत्पादन हुने बिजली आन्तरिकरूपमै खपत हुने निश्चित छ । अरुण-३ आयोजनाबाट निस्किने विद्युत तुलनात्मकरूपमा सस्तो हुने र यस आयोजनाको निर्माणकार्य सम्पन्न हुदाँका बखतसम्ममा उल्लिखित ४०२ मेगाावाट बिजुली नेपालकै लागी आवश्यक हुनेजस्ता सामान्य ज्ञान र विवेकका कुराहरूतर्फ कुनै ध्यान नदिनु भनेको नेपाली जनताको विकासमाथिको अधिकारकमाथि गरिएको गम्भीर कुठाराघात हो । स्थानीय जनतालाई धनी बनाउने तथा स्वदेशी पुँजी को परिचालन गर्ने नीति अख्तियार गरिएकै कारण माथिल्लो तामाकोशी आयोजनालाई नेपालीका लागि राम्रो आयोजना मानिएको हो । विपक्षीहरूले चाहेको खण्डमा माथिल्लो तामाकोशीलाई नमूना आयोजनाका रूपमा प्रस्तुत गर्दै अरुण-३ आयोजनालाई पनि स्थानीय जनताको स्वामित्व र इच्छुक नेपालीहरूको लगानीमा सहजै निर्माण गर्न सकिन्छ । तर विभिन्न बदनियतका कारण यसतर्फ विपक्षीहरूको ध्यान आकर्षिन हुन नसकेको अवस्था छ ।

२२. नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यको दायित्वसँग सम्बन्धित सिद्धान्त र नीतिहरूअन्तर्गत धारा ३३(क) मा केही महत्वपूर्ण व्यवस्थाहरू गरिएको छ । यसमा “...निष्पक्षरूपले संविधानसभाका सदस्यहरूको निर्वाचनका लागि राज्यले आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्ने...” भनिएको छ । यसअनुसार वर्तमान सरकारले प्राथमिकताका दृष्टिमा हेर्ने हो भने अरुण-३ आयोजनालाई रहस्यमय ढङ्गले हतार हतारमा सञ्चालनमा ल्याउने नभई संविधानसभाको चुनाव अविलम्ब गर्ने-गराउनेतर्फ ध्यान दिनुपर्ने हो । यसै पनि प्राकृतिक स्रोतको बाँडफाँडजस्ता सवालमा सङ्घीय शासनप्रणालीको अवधारणा एवम् विकासका सवालमा स्थानीय स्वायत्तताका आधारभूत सिद्धान्तहरूको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्ने हो । वर्तमान संविधानमा भएका धारा १५६ लगायतका माथि उल्लिखित विभिन्न प्रावधानहरूको अनिवार्यरूपमा पालना गर्नुपर्ने हो । धारा ३३ को (ड) मा व्यवस्था भएअनुसार अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूको प्रभावकारीरूपमा कार्यान्वयन गर्नेगराउनेतर्फ ध्याद दिनुपर्ने हो । अन्तरिम संविधानको धारा ३५(४) मा व्यवस्था भएअनुसार राष्ट्रिय हितअनुकूल हुनेगरी उपयोगी एवम् लाभदायकरूपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायका हकाधिकारहरूलाई उच्च प्राथमिकता दिनुपर्ने हो । सोही धारा ३५ को उपधारा (५) मा व्यवस्था भएअनुसार राज्यले वातावरण स्वच्छ राख्नका लागि आवश्यक व्यवस्था गर्नुपर्ने हो । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकासम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवम् वातावरण तथा वन्यजन्तुहरूको संरक्षण गर्ने सवालमा विषेश प्राथमिकता दिनुपर्ने हो । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नुपर्ने हो । तर विपक्षीहरूबाट जानाजानी दोस्रो ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप निर्मित वर्तमान लोकतन्त्रोमुख अन्तरिम संविधानका उल्लिखित प्रावधानहरूको सरासर उपहास र उल्लङ्घन भएको छ । यस संविधानका आधारभूत उद्देश्य र मार्गदर्शनहरूको उल्लङ्घन भएको छ । राज्यका निर्देशक नीति तथा सिद्धान्तहरूलाई क्रमशः कानुन निर्माण गर्दै लागु गरिनेछ भन्ने संवैधानिक प्रावधानको विपरीत तिनको बर्खिलाप हुने गरी सत्लज कम्पनीसँग अरुण-३ सम्बन्धी सम्झौता गरिएको छ । राज्यका निर्देशक नीति तथा सिद्धान्तहरूको तत्काल कार्यान्वयन हुने नसके तापनि तिनको उल्लङ्घन गर्न नमिल्ने भन्ने सिद्धान्त २०५० सालको अरुण-३

सम्बन्धी सूचनाको हक विषयकसम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट स्पष्ट व्याख्यासमेत भइसकेको छ ।

२३. अरुण-३ सम्झौताका सम्बन्धमा विपक्षीमध्येको व्यवस्थापिका-संसद्को प्राकृकित स्रोत र साधन समितिका कामकारबाहीहरू पनि एकदमै हचुवा एवम् औचित्यहिन ढङ्गले प्रस्तुत हुने गरेका छन् । समितिसमक्ष पेश भएका राष्ट्रिय महत्वका विषयहरूलाई उपयुक्त सुझाबसहित संसद्मा आवश्यक छलफल र अनुमोदनका लागि प्रस्तुत गर्नुपर्ने हो । प्राकृतिक स्रोत र साधनहरूको संरक्षण, सम्वर्द्धन र उपयोगका सवालमा प्रचलित संविधान तथा कानुन र नेपालमाथि लागु भएका मानवअधिकार, वातावरण र विकाससम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौताअनुसार कुनै पनि कार्य गर्न-गराउन सरकारलाई आवश्यक निर्देशन दिनुपर्ने हो । तर यसो नगरी आफ्नो संवैधानिक दायित्वबाट समेत विमुख हुँदै आफैँ नै गैरसंवैधानिक, गैरकानुनी एवम् मानवअधिकार, वातावरण र विकासविरोधी कार्यहरू गर्ने-गराउनेतर्फ सरिक भएको देखिन्छ । उक्त समितिले यस निवेदनपत्रमा उठाइएका कुनै पनि कुराहरूतर्फ ध्यान नदिई हचुवाका आधारमा व्यवस्थापिका-संसद्को अनुमोदनबिना नै सरकारको स्वच्छाचारी निर्णयबाट अरुण-३ आयोजनालाई समेत अघि बढाउने भनी गैरसंवैधानिकरूपमा लज्जास्पद निर्णय गरेको अवस्था छ ।

२४. यस रिट निवेदनका सन्दर्भमा के कुन विपक्षीहरूको के कस्तो भूमिका, जिम्मेवारी र दायित्व रहेको छ भन्ने विषयमा पनि संक्षिप्तमा उल्लेख गर्नु सान्दर्भिक हुनेछ । नेपाल सरकारको प्रचलित कार्यविभाजनअनुसार जलस्रोत मन्त्रालय मुख्य विपक्षी रहेको छ जसले भारतीय सत्लज कम्पनीसँग करारसम्झौता गर्ने अख्तियारी प्राप्त गरेको छ । यसरी जलस्रोत मन्त्रालयलाई संविधान, कानुन, मानवअधिकार तथा वातावरणसम्बन्धी प्रावधान, सिद्धान्त र मान्यताबिपरित कुनै खुला प्रतिष्पर्धाबिना सुम्पने अख्तियारी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको छ । यसरी संविधान र कानुनको बर्खिलाप हुने गरी सत्लज नामक विदेशी कम्पनीसँग राष्ट्रिय हितविपरित कार्य हुँदा सम्बन्धित विषय र क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने आवश्यक निगरानी गर्ने जिम्मेवारी प्राप्त विपक्षी द्वय वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय र अर्थ मन्त्रालय भने मौन रही राज्यसञ्चालनका सिलसिलामा आफ्नो मन्त्रालयमा निहित अनिवार्य दायित्वका सवालमा मौन रहेका छन् । विपक्षीमध्येका व्यवस्थापिका-संसद् तथा प्राकृतिक स्रोत र साधन समितिमा यस्ता करार, सहमति, समझदारी वा सन्धिसम्झौताहरूलाई संविधानको धारा १५६ तथा नेपाल सन्धि ऐन, २०४७ मा भएका प्रावधानअन्तर्गत अनुमोदनका लागि पेश गर्न लगाउने र त्यसरी पेश भएपछि तिनलाई आवश्यक सुधार, संशोधन वा पुनरावलोकनसहित अनुमोदन वा खारेज गर्ने जिम्मेवारी रहेको छ । सरकारका तर्फबाट बेलाबखत हुने यस्ता त्रुटीहरूलाई बेलैमा सच्याउने, सही सुझाब दिने र नेपाली जनता र उद्योगधन्दाहरूका लागि सकेसम्म छिटो र छरितोरूपमा उच्च प्राथमिकताका साथ अविछिन्न मानवअधिकार र मानवीय आवश्यकताका रूमा सर्वसुलभ विद्युतसेवा उपलब्ध गराउने विभागीय दायित्व रहेको छ । तर यी विपक्षीहरूबाट प्रचलित संविधान, कानुन र नेपाल राज्यपक्ष रहेका मानवअधिकार, वातावरण र विकाससम्बन्धी अन्तर्राष्ट्रिय कानुन, मान्यता र मापदण्डअन्तर्गत सृजित अनिवार्य राष्ट्रिय दायित्वहरूको गम्भीर उल्लङ्घन हुन पुगेकोले सम्बन्धित सबै विपक्षीहरूबाट विस्तृत लिखितजवाफ प्राप्त भएपछिमात्र यस रिट निवेदनमा समाविष्ट विभिन्न संवैधानिक, कानुनी, मानवअधिकार र वातावरणजन्य न्यायिक प्रश्नहरूको पुर्पक्ष र निर्क्यौल सम्भव रहेको तथ्य निर्विवाद छ ।

२५. यी सबै धाराहरू उल्लेख गरेपछि तिनमा भएका प्रावधानहरू पनि एक एक वाक्यमा भए पनि राख्ने । माथि उठाएका पाँच वटा मागदाबीसमेतका आधारमा मागदाबीहरूको सूचि तयार गर्ने । तसर्थ माथि उल्लिखित विभिन्न प्रकरणहरूमा वर्णित तथ्य, कानुन, खासगरी वातावरण संरक्षण ऐन २०५३, नेपाल सन्धि ऐन २०४७ को दफा ९, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १६, १९, २६, २७, ३२, ३३ , ३४, ३५, ३६, र १५६ तथा १०७(२) का साथै नेपालले अनिवार्यरूपमा पालना गर्नुपर्ने मानवअधिकार, वातावरण र विकाससम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौतामध्येका नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुवन्ध, १९६६, संयुक्त राष्ट्रसङ्घको विकासको अधिकारसम्बन्धी घोषणापत्र, १९८६, जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ तथा नैतिक मार्गदर्शकका रूपमा रहेका विभिन्न घोषणा र प्रस्तावका साथै सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक महत्वको सरोकार भएका विभिन्न मुद्दाहरूमा प्रतिपादित सिद्धान्त र नजीरहरूसमेतका आधारमा निम्नलिखित मागदाबी प्रस्तुत गर्दछौँ ।

(क) अरुण-३ आयोजनासम्बन्धमा भारतीय सरकारी ऊर्जा कम्पनी सत्लज जलविद्युत निगम लिमिटेडसँग भएका करारासम्झौतालगायत बिगतदेखि वर्तमानसम्म भएका सम्पूर्ण सूचना र कागजपत्रहरू सार्वजनिक गर्दै निवेदकहरूलाई निर्वाधरूपमा उपलब्ध गराई पाउनका लागि उत्प्रेषण, परमादेशलगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ ।

(ख) अरुण-३ आयोजना नेपालको प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसँगसम्बन्धित व्यापक, गम्भीर र दीर्घकालिन कराररसमझौता भएकोले संविधानको धारा १५६(२) बमोजिम दुईतिहाई बहुमतबाट अनुमोदनका लागि अविलम्ब पेश गर्नका लागि संविधानको धारा १०७(२) बमोजिम परमादेशलगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ ।

(ग) प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, आदिवासी एवम् जनजाति समुदायका सूचना, सहभागिता, स्वामित्व, विकासको प्रतिफलको उपभोगजस्ता आधारभूत हक, हित र अधिकारहरूको रक्षाका लागि मानवअधिकार, वातावरण तथा विकाससम्बन्धी सन्धिसम्झौता तथा कार्ययोजना र विश्व बाँध आयोगले प्रस्ताव गरेका मापदण्डहरूको परिपालनाका लागि आवश्यक निर्देशनात्मक आदेश जारी गरी पाऊँ ।

(घ ) नेपालभित्र उत्पादित बिजुली सर्वप्रथम नेपाल र नेपालीहरूकै लागि सर्वसुलभ मूल्यमा उच्चतम् प्राथकिताका साथ वितरण गरी बचेको बिजुलीमात्र उचित नाफादरमा निर्यात गर्नुगराउनु भनी निर्देशनात्मक आदेश जारी गरी पाऊँ ।

(ङ) यस मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म तथा वर्तमान व्यवस्थापिका-संसद्बाट आयोजनासम्बन्धी सम्पूर्ण करार, सहमति, समझदारी वा सम्झौताहरूको विधिवतरूपमा अनुमोदन गर्नेगराउने प्रक्रिया पुरा नभएसम्म भविष्यमा नेपाल र नेपाली जनतामाथि कुनै पनि थप आर्थिक, वित्तीय एवम् अन्य दायित्वभार सिर्जना हुनुका साथै संसदीय अनुमोदनको प्रक्रियामाथि प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्नेगरी कुनै पनि कार्य नगर्नु-नगराउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाऊँ ।

(च) प्रस्तुत मुद्दा विभिन्न संवैधानिक एवम् कानुनी प्रश्नहरू समावेश भएको गम्भीर सार्वजनिक चासो र सरोकारको विषय भएको हुनाले यसलाई अग्राधिकारमा राखी न्यायिक पुर्पक्ष गरी पाऊँ ।

२६. अरुण-३ सम्झौताका सम्बन्धमा निम्नलिखित सामाग्री तथा पत्रपत्रिकामा प्रकाशित समाचारहरूको प्रतिलिपि प्रमाणस्वरूप पेश गरेका छौं:

(क) नेपाल सरकार, जलस्रोत मन्त्रालयसँग सूचना पाँऊ भनी निवेदकहरूद्वारा विभिन्न मितिमा दिएका निवेदन र ताकेताका प्रतिलिपिहरू थान ३ ।

(ख) व्यवस्थापिका-संसद, प्राकृतिक स्रोत र साधन समितिको निर्णयको प्रतिलिपि थान १ ।

(ग) “बाँध र विकासः रचनात्मक संवाद” नामक प्रतिवेदनबाट अन्तर्राष्ट्रिय करार वा सन्धिसम्झौताका सवालमा व्यापक, गम्भीर र दीर्धकालीन प्रभाव तथा निष्कर्ष र सुझाब खण्डको प्रतिलिपि १ ।

(घ) सन् २००० मा जारी भएको विश्व बाँध आयोगको प्रतिवेदनको सारसंक्षेप खण्डको प्रतिलिपि १ ।

(ङ) अरुण-३ आयोजनासम्बन्धी विश्व बैंकको स्वतन्त्र छानबिन नियोगको प्रतिवेदनको सारसंक्षेप खण्डको प्रतिलिपि १ ।

(च) हालसालै विभिन्न पत्रपत्रिकामा प्रकाशित अरुण-३ सम्बन्धी समाचार तथा लेखहरूका प्रतिलिपि थान ।

२७. यो मुद्दा इजलाशसमक्ष पेश हुँदा रहनु हुने कानुनव्यवसायीले गर्ने बहसलाई समेत यसै निवेदनको अभिन्न अङ्ग मानी प्रमाण लगाई पुर्पक्ष गरी न्यायनिसाफ पाऊँ ।

२८. लेखिएको बेहोरा साँचो छ, झुठा ठहरे कानुनबमोजिम सहनेबुझाउने छौं ।

**निवेदकहरू**

| | |
|---|---|
| अधिवक्ता रविन सुवेदी | अधिवक्ता निर्मला सिटौला |
| रतन भण्डारी | अनुज सिटौला |
| रामबहादुर खड्का | खिमाराम लम्साल |
| चन्द्रशेर राना | |

इति सम्बत् २०६४ साल फागुन ३० गते रोज ५ शुभम्......................................................।